*"हाम्रो नुर्बलिङ हाम्रो शान,*
*गुणस्तरीय र समावेशी शिक्षा हाम्रो अभियान !"*

# श्री नुर्बलिङ मनिचौर माध्यमिक विद्यालय

## हेलम्बु गाउँपालिका वडा नं. २, खर्कडाँडा




# विद्यालय प्रोफाइल

## २०८०

## कक्षागत विद्यार्थीको तथ्याङ्क-२०८०

| क्र.सं | विवरण | जम्मा विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत |
| | | छात्र | छात्रा | जम्मा | | | |
| १ | प्रारम्भिक बालविकास | ५ | १० | १५ | | - | |
| २ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना | ८ | १५ | २३ | | | |
| ३ | कक्षा २ | ३ | ७ | १० | | | |
| ४ | कक्षा ३ | ६ | ७ | १३ | | | |
| ५ | कक्षा ४ | ५ | ९ | १४ | | | |
| ६ | कक्षा ५ | ६ | ९ | १५ | | | |
| ७ | कक्षा ६ | ६ | ७ | १३ | | | |
| ८ | कक्षा ७ | ४ | ५ | ९ | | | |
| ९ | कक्षा ८ | ७ | ३ | १० | | | |
| १० | कक्षा ९ | | २ | २ | | | |
| ११ | कक्षा १० | | | | | | |
| कक्षा १ देखि १० सम्मको जम्मा विद्यार्थी | | ५० | ७४ | १२४ | | | |

### विद्यालयमा प्रतिनिधित्व गर्ने समुदाय र ती समुदायबाट बालबालिकाहरुलाई विद्यालय आउन लाग्ने समय




**यस विद्यालयमा हेलम्बु बाहेकेको मेलम्ची, इन्द्रावती, पाँचपोखरी, बाह्रबिसेबाट समेत विद्यार्थीहरु आउने गरेका छन् ।**

## १. परिचयः

### १.१. विद्यालयको भौगोलिक अवस्थाः

हेलम्बु गाउँपालिका वडा नं २ साविक किउल गा.वि.स वडा न ९ खर्कडाँडा,सिन्धुपाल्चोक हेलम्बु राजमार्गको उत्तर पश्चिममा अवस्थित श्री नुर्बुलिङ मनिचौर मा.वि. ले वि.स. २०७३ बाट कक्षा १-१० सम्म कक्षा १० को अनुमति पाएँ सँगै माध्यामिक तहसम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ। समुदायभित्र अधिकांश जनजाति त्यसमा पनि ल्हेल्मो, शेर्पा र दलितहरु रहेका छन्। यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुमा बौद्ध, हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ। यहाँको प्रमुख पेशा कृषि व्यवसाय रहेता पनि व्यापार र व्यवसाय आम्दानीको स्रोत रहेको छ । ल्हेल्मो समुदायबाट झण्डै ४० प्रतिशत विद्यार्थीहरु पढ्न आउने भएकाले मातृभाषाको प्रभाव रहेता पनि जनशक्तिको अभावले राष्ट् भाषाको नै प्रयोग गरिएको छ। समुद्री सतहको करीब १९७० मिटरको उचाइमा रहेकोले त्यति जाडो र गर्मी हुदैन। यस ठाउँमा मकै, कोदो, तोरी, जौ केही मात्रामा उत्पादन हुने र आलु प्रशस्त मात्रामा हुने गर्दछ। यस नुर्बुलिङ मनिचौर माध्यामिक विद्यालय वि.स. २०३९ साल माघ ७ गतेका दिन स्थानीय समाजसेवी सितार लामाको सक्रिय पहलमा १-५ सम्म सञ्चालन भएको थियो ।

### १.२. विद्यालय स्थापनाको लागि योगदान गर्ने व्यक्ति तथा संस्थाः

यस नुर्बुलिङ मनिचौर माध्यामिक विद्यालय वि.स. २०३९ साल माघ ७ गतेका दिन स्थानीय समाजसेवी सितार लामाको सक्रिय पहलमा स्थापना भएको थियो । यो विद्यालय १-५ सम्म सञ्चालन भएको थियो । वि.स. २०६७ सालमा स्थानीय समाजसेवी, बुद्धीजिवी श्री छिरिङ ग्याल्बु लामा र मंगलवीर सुनार, दामे लामा र छिरिङ लामाको पहलमा नि.मा.वि. तह सञ्चालन भयो। २०६८ सालबाट कक्षा ७ सञ्चालनको लागि अनुमति पायो । वि.स. २०६९ सालबाट कक्षा ८ सञ्चालनको अनुमति लिई वि.स. २०७२ सालबाट कक्षा ९ को अनुमति सँगै २०७३ बाट कक्षा १० सम्म सञ्चालन अनुमति लिई १-१० सम्म सञ्चालन हुदै आएको छ ।

## २. विद्यालय परिधिका समुदायः

### २.१. समुदायका मानिसका बसाई सराईको अवस्थाः

यस गाउँका मानिसहरुमा बेचविखन नै गरेर अन्य ठाउँमा बसाइँ सर्ने चलन छैन । अस्थायी रुपमा बसाइँ सराइँ जाने ठाउँ मुख्य गरी काठ्माडौं उपत्यका हो। त्यसैगरी सडक नजिकका बजारहरु सेरा, तिम्बु किउल, लगायतका ठाउँमा पनि विभिन्न व्यवसायको लागि अस्थायी रुपमा झर्ने चलन छ।

### २.२ विद्यालयको परिधि भित्रको समुदायमा जीविकोपार्जनको अवस्थाः

यहाँका मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । कृषि अन्तर्गत मकै, कोदो, गहुँ आदि यहाँका मानिसका मुख्य बाली हो । यसबाहेक व्यवसायिक तरकारी खेती तथा आलु, मुला साग किवी लगायतको फलफूल खेती पनि यहाँका मानिसहरुले गर्दै आएका छन्। व्यवसायिक बाखा पालन तथा भैंसी पालन पनि गाउँमा हुने गरेको छ। यस प्रकारको जीविकोपार्जन गतिविधिलाई जलवायु परिवर्तनबाट हुने बाढी, पहिरो, खडेरी, तथा नदी कटान लगायतले जोखिमता बढाएको हुन्छ।

### २.३ विद्यालय क्षेत्रभित्रको समुदाय र विद्यालय जाने उमेरका बालबालिकाको अवस्थाः

यस विद्यालय क्षेत्रमा विद्यालय जाने उमेरका कोही पनि बालबालिका विद्यालय बाहिर छैनन्। त्यसैगरी विद्यालय छाडेर अन्य ठाउँमा विद्यालय तथा गुम्बामा जाने बालबालिका पनि यस विद्यालयको क्षेत्रमा पाइएको छैन ।

### २.५ विद्यालयबाट अन्यत्र गएका बालबालिकाको विवरण

**शैक्षिक वर्ष २०८०**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | नुर्बलिङ वस्ती | २ जना | | | २ |
| २. | किउल | | १ | | १ |
| ३. | बाहृबिसे | | १ | | १ |

शैक्षिक वर्ष २०७९ र २०७८ सालमा कोही पनि विद्यालयबाट अन्यत्र गएका बालबालिका छैनन् ।

## ३. भौतिक पूर्वाधारः

### ३.१ समुदायको भौतिक पूर्वाधारः

गाउँपालिकाको अन्य गाउँहरुमा जस्तै यस विद्यालय क्षेत्रमा पनि कच्ची मोटर बाटो बनेको छ। त्यसैगरी सबै घरमा विद्युत पुगेको छ। सुरक्षित पिउने पानी लगायतका आधारभूत भौतिक पूर्वधार विकासमा यहाँका समुदायको पहुँच छ।

### विद्यालयको भौतिक सम्पत्तिको अवस्थाः

यस विद्यालयमा हाल कुल विद्यार्थी १२२ जना बालबालिका अध्ययनरत छन् र कक्षा १० सम्म सञ्चालित छ। त्यस अनुरुप विद्यालयसँग आवश्यक भौतिक पूर्वाधारको अभाव देखिँदैन। विद्यालयको ५ वटा भवन छ। खानेपानी तथा शौचालयको व्यवस्था छ। हाल विद्यालयसँग तल उल्लेख भएअनुसारको भौतिक संरचना उपलब्ध छ।

| भौतिक संरचनाको नाम | उपलब्ध संख्या | कैफियत |
|---|---|---|
| भवन | ५ वटा | |
| कक्षा कोठा | १२ | |
| कार्यालय कोठा | १ | |
| शौचालय संख्या | १ वटा | |
| खानेपानीको व्यवस्था | १ वटा छ | |
| खेल मैदान | १ छ | |
| फर्निचर | ५० | |
| डेस्क बेन्च | छ | |
| कुर्सी | छ | |

### ३.१.१ विद्यालयमा दिवा खाजाको व्यवस्था सम्बन्धी

विद्यालयमा दिवा खाजाको राम्रो प्रबन्ध गरिएको छ। दिबा खाजा विद्यालयले नै स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्रीबाट बनाउने गरेको छ। कक्षा १- ५ का लागि संघीय सरकार र ५ भन्दा माथिका लागि हेलम्बु गाउँपालिकाले व्यवस्था गरेको छ।


### ३.३ बालविकास (ECD) कक्षाः

विद्यालयमा छुट्टै इसिडि कक्षा छ। इसिडि शिक्षकले जष्ट नेपाल फाउण्डेसनबाट ५ दिने तालिमा लिनु भएको छ भने तालिम पश्चात् कक्षाकोठामा निकै सुधार आएको छ।

### ३.४ विद्यालयको अचल सम्पत्तिः

यस विद्यालयलाई विद्यालयको नाममा खरिद भएको १६ रोपनी १ आना २ पैसा एक रोपनी जग्गा बाहेक अन्य कुनै अचल सम्पत्ति छैन। हाल विद्यालयको २ वटा भवन छ। यहाँको भवन कारितास स्विटजरल्याण्डको सहयोगमा भूकम्प पश्चात् निर्माण भएको हो।

| जग्गा | विद्यालयको नाममा छ | व्यक्तिको नाममा |
|---|---|---|
| १.१६ रोपनी १ आना २ पैसा | विद्यालयको नाममा छ | |



209866

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
......मालपोत......कार्यालय, सि. प.

जग्गाधनी संकेत नम्बर


फोटो (स्वेत श्याम)

औंठाको छाप
दायाँ | बायाँ

फोटो प्रमाणित गर्नेको दस्तखत

जग्गा धनीको नाम थर ......उमेर........
ठेगाना........अंचल........जिल्ला........इलाका
........नगरपालिका/गाउा विकास समिति वडा नं. ६........
जग्गाधनीको बाबु/पतिको नाम थर........
बाजे/ससुराको नाम थर........
नागरिकता नम्बर र मिति........
नागरिकता प्रदान गर्ने कार्यालय........
जग्गावालाको दस्तखत........लेखात्मक........
जग्गाधनी प्रमाण पत्र दिने कार्यालय........
(कार्यालयको छाप)

१



209866

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
जग्गाधनी दर्ता प्रमाण पुर्जा

जग्गाधनीको नाम........

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं. | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

## ४. विद्यालय व्यवस्थापन समिति:

वर्तमान विद्यालय व्यवस्थापन समिति श्री दिपक सुनारको अध्यक्षतामा गठन गरिएको हो । वर्तमान समितिमा १ जना महिला तथा ६ जना पुरुष सदस्य रहेका छन् । यस समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ ।

समितिका वतर्मान पदाधिकारीहरुको विवरण यस प्रकार रहेको छः

| क.सं | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | अपाङ्गता | शैक्षिक स्तर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | दीपक सुनार | पु | अध्यक्ष | समाजसेवी | छैन | एस.एल.सि | हेलम्बु २ | ९८५१०५१४४९ |
| २. | पेम्बा लामा | म | सदस्य | वडा अध्यक्ष | छैन | साक्षर | हेलम्बु २ | ९८५१०८४९२४ |
| ३. | याङजेन लामा | पु | सदस्य | अभिभावक | छैन | एस.एल.सी. | हेलम्बु २ | ९८६२९०६७२७ |
| ४. | दामे लामा | म | सदस्य | अभिभवक | छैन | साक्षर | हेलम्बु २ | ९८१८३६६३५५ |
| ५ | जङ्बु लामा | म | सदस्य | वडा प्रतिनिधि | छैन | एस.एल.सी | हेलम्बु २ | ९८४०८४०७०३ |
| ६ | भिम ब तामाङ | पु | सदस्य | शिक्षक प्रतिनिधि | छैन | बि.एड. | मेलम्ची १२ | ९८४३७७५१६० |
| ७ | ज्ञान ब लामा | पु | सदस्य सचिव | प्रधानाध्यापक | छैन | बि.एड. | मेलम्ची १२ | ९८४८७५६२६१ |

## ५. विद्यालयमा अन्य व्यवस्था:

विद्यालयको समग्र विकासको लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ जस्तै अन्य  समिति तथा फोकल व्यक्तिको पनि आवश्यकता पर्दछ। यस विद्यालयमा बाल क्लब गठन गरिएको छ। बाल अधिकार तथा बाल संरक्षण फोकल व्यक्ति शिक्षक प्रिति लामा हुनुहुन्छ।

### ५.१ सुरक्षित बहिर्गमन नक्सा




## ६. शिक्षक अभिभावक संघ:

शिक्षा नियमावलीमा हरेक विद्यालयमा शिक्षक अभिभावक संघ गठन हुनु पर्ने व्यवस्था छ। तर हेलम्बु गाउँपालिकाका धेरै विद्यालयमा गठन हुन सकेको थिए। यस विद्यालयमा पनि शिक्षक अभिभावक संघ गठन भएको थिएन। जस्ट नेपाल फाउण्डेसनले तीनवर्ष अगाडि "हाम्रो समुदाय, हाम्रो विद्यालय" परियोजना कार्यान्वयनको क्रममा विद्यालयलाई शिक्षक अभिभावक संघ गठन गर्न सहजीकरण गरेको थियो। संघको पदाधिकारीको नामावली निम्नानुसार रहेको छ।

### ६.१ पदाधिकारीको नाम

| क.सं. | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | जात | शैक्षिक स्तर | अपाङ्गता | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | नीमाडोल्मा लामा | म | अध्यक्ष | समाजसेवी | | साक्षर | छैन | हेलम्बु २ | ९८४१२४८६७७ |
| २. | ग्याल्मु लामा | म | सदस्य | अभिभावक | | साक्षर | छैन | हेलम्बु २ | ९८४२७६०५६६ |
| ३. | प्रिति लामा | म | सदस्य | शिक्षक | | १२ पास | छैन | हेलम्बु २ | ९८४१२२१२०५ |
| ४ | नोचुङ लामा | पु | सदस्य | अभिभावक | | साक्षर | | हेलम्बु २ | ९८४०८८८६ |
| ५. | दावा डिन्डु लामा | म | सदस्य | अभिभावक | | साक्षर | छैन | हेलम्बु २ | ९८४०८३६४२८ |
| ६ | पुष्पा शेर्पा | पु | सदस्य | अभिभावक | | साक्षर | छैन | हेलम्बु २ | ९८१३५६६८४७ |
| ७ | ज्ञान ब लामा | पु | सदस्य | सदस्य सचिव | | स्नातक | छैन | मेल( म्ची,१२ | ९८४८७५६२६१ |

### ६.२ शिक्षक अभिभावक संघको बैठक:



विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठक सयुंक्त बस्ने गरेको छ। २०८० बर्षमा १३ पटक बसेका छ।

## ७. शिक्षक तथा कर्मचारीको अवस्था:

विद्यालयमा २ जना शिक्षक प्रा.वि. स्थायी दरवन्दी र प्रारम्भिक बालविकास कक्षाका लागि गाउँपालिकाले एकजना अनुदान शिक्षक उपलब्ध गराएको छ। कक्षा १० सम्म सञ्चालनको लागि शिक्षक अपुग भएपछि, हाल विद्यालयले निजीस्रोतमा एकजना शिक्षक व्यवस्था गरेको छ। वर्तमान शिक्षकको विवरण ७.१ मा उल्लेख गरिएको छ।

७.१ शिक्षक विवरण:

| क्र.सं | नाम | पद | तह | किसिम | योग्यता | प्राप्त तालिम |
|---|---|---|---|---|---|---|
| १. | ज्ञान ब लामा | प्र.अ. | प्रा.वि. | स्थायी | बि.एड. | |
| २. | भिम ब तामाङ | शिक्षक | प्रा.वि. | निजि | बि.एड. | Integrated curriculum, Critical Pedagogy |
| ३. | दुर्गादत्त अवस्थि | शिक्षक | प्रा.वि | स्थायी | एम.एड | Bacis ICT training |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | राजु राई | शिक्षक | मा.वि. | अनुदान | बि एड. | Curriculum orentation |
| ५. | प्रिति लामा | शिक्षक | बाल विकास सहजकर्ता | गा.पा. अनुदान | +२ | ECD training,Multilevel multi grade training,Montessori training,Library management and teacher workshop |
| ६. | शिव प्र भट्टराई | शिक्षक | मा. वि | संघीय अनुदान | बि एड | Curriculum orentation |
| ७. | जनक भण्डारी | शिक्षक | मा. वि | संघीय अनुदान | बि एड | Curriculum orentation |
| ८. | जगत साउद | शिक्षक | नि.मा. वि | संघीय अनुदान | आई.एस. सि | Curriculum orentation |
| ९. | पेमा याङजुम ल्हेल्मो लामा | शिक्षक | प्रा. वि | निजी स्रोत | +२ | - |
| १०. | लोप्साङ महत्रा | शिक्षक | सम्भोटा | पलिका अनुदान | +२ | - |
| ११. | लिलादेवी तामाङ | शिक्षक | प्रावि | निजी स्रोत | +२ | - |
| १२. | गोमा पण्डित देउजा | शिक्षक | लेखापाल | करार | बि एड | Curriculum orientation, Library management and teacher workshop |
| १३. | डिल ब. सुनार | का. स | | करार | | - |

**७.२ तहगत शिक्षक संख्या**


यस विद्यालयमा हाल कार्यरत शिक्षकहरुको तहगत र विषयगत विवरण यस प्रकार छ।

| तह | सञ्चालित कक्षा संख्या | शिक्षक संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | | जम्मा | | |
| | | स्वीकृत दरवन्दी | गा.पा.अनुदान | करार | निजिस्रोत | जम्मा | महिला | पुरुष |
| प्रारम्भिक बालविकास | १ | १ | | | | १ | १ | |
| आधारभूत कक्षा १-५ | ५ | २ | | १ | १ | ४ | १ | ३ |
| आधारभुत कक्षा ६-८ | ३ | | | | १ | १ | १ | |
| माध्यमिक ९-१० | २ | १ | | | ५ | ६ | १ | ५ |
| **जम्मा** | **११** | **४** | | **१** | **५** | **१२** | **४** | **८** |

## ८. विद्यार्थी संख्या तथा विद्यालय सञ्चालनको अवस्थाः

यस खण्डमा तीन शैक्षिक वर्षको विद्यार्थी संख्या प्रस्तुत गरिएको छ। तीन वर्षको कुल विद्यार्थी संख्या हेर्दा विद्यालयले गुणस्रीय शिक्षा प्रदान गर्दै आएको भए पनि विद्यार्थी संख्या भने घट्दो छ। यसको मुख्य कारण वैदेशिक रोजगारी तथा जन्मदर कम हुनु बताइएको छ। तीनवर्षको विद्यार्थी संख्या विवरण निम्नासार प्रस्तुत गरिएको छ।

**विद्यार्थी संख्याको विवरण**




### ८.१ विद्यालय सञ्चालनको अवस्था:

**विद्यालय सञ्चालन अवस्था २०७९**

| क्र.सं. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १ | विद्यालय खुलेको दिन | २०६ | २२० दिन भन्दा बढी |
| २ | पठनपाठन भएको दिन | १६० | न्यूनतम वार्षिक कक्षा १-४ –१९२ |
| ३ | प्रारम्भिक बालविकासका विद्यार्थीको औसत उपस्थिति | १४० | न्यूनतम बार्षिक १९२ |
| ४ | कक्षा १-४ का विद्यार्थीको औसत उपस्थिति | २०० | न्यूनतम बार्षिक २१० |
| ८ | विद्यालयमा शिक्षकको औसत उपस्थिति | १९० | विद्यालय खुलेको दिन मध्ये ९२% |
| ९ | विद्यालयमा शिक्षण सिकाई समय तहगत | ९०% | कक्षा १-३ =८१६ घण्टा प्रति कक्षा |
| | | | कक्षा ४ =९३६ घण्टा प्रति कक्षा |

## ९. विद्यालय सुधार योजना:

(क) हाल कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना माथि उल्लेख गरिए अनुसारको समस्याहरुलाई सकेसम्म सम्बोधन गर्ने गरी बनेको देखिन्छ। योजना २०८० देखि २०८४ सम्म पाँच वर्षको लागि बनाइएको छ। उक्त योजनामा हरेक वर्षको छुट्टै वार्षिक योजना रहेको छ। अभिभावक तथा सरोकारवालाहरुको दुईदिने कार्यशाला मार्फत उक्त योजना मस्यौदा समितिले तयार गरी अन्तिम रुप दिइएको हो। योजनामा विद्यालय सुधारको लागि लागत लाग्ने तथा नलाग्ने दुबै प्रकारको क्रियाकलापहरु समावेश गरिएको छ।

(ख) वि.सु.यो. निर्माण गर्दा विद्यालय तल उल्लेख गरिए अनुसार कुन कुन प्रक्रिया अपनाईको थियो ?



## १०. वार्षिक योजना तथा बजेट:

यस विद्यालयको सातवर्षको आर्थिक कारोवारको विवरण तलको तालिकामा प्रस्तुत गरिए अनुसार रहेको छ ।

| आ.व | २०७४/०७५ | | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | | २०७९/०८० | | २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्षिक बजेट | | | | | | | | | | | | | | |
| | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य |
| | १४,७३,९०८ | ३७,३५,७६३ | १८,८९,६८४ | १,३०,९४,६९८ | २४,८८,०३७ | ५३,०१,८६६ | २८,०८,३२५ | २३,८७,७१३ | ३५,७८,५२५ | २९,७५,१९२ | ३६,०८,७७३ | १७,३१,३७५ | | |

## ११. विद्यालयको सुशासन:

विद्यालयको गतिबिधिहरुलाई समुदाय स्तरमा पुर्‍याउनका लागि विद्यालयले अपनाउदै आएका सुचना तथा सञ्चारका गतिबिधिहरु तपसिल बमोजिमका रहेका छन :

**फेसबुक पेज**

**सूचनापाटी**

**बालक्लब**

**सामाजिक लेखा परीक्षण**

**अभिभाव दिवस**

## १२. विद्यालयको सबल पक्षहरु

विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको नियमित बैठक बसी विद्यालयको विविध पक्षहरुमा छलफल भईरहेको छ । विद्यालयमा टाढाबाट आउने बालबालिकाहरुलाई छात्रावासको व्यवस्था गरिएको छ । विद्यालयमा इन्टरनेटको व्यवस्था छ । सरकारले उपलब्ध गराएको दिवा खाजा अनुरुप व्यवस्थापन गरिएको छ । बाल मैत्री, अपांगमैत्री संरचनाहरु छन् । भौतिक संरचना व्यवस्थित छ ।दक्ष तथा अनुभवी शिक्षकहरु, वार्षिक रुपमा शैक्षिक भ्रमणको व्यवस्था ।

## १३. चुनौति तथा समस्या:

आन्तरिक रुपमा समाधान गर्न नसकिने समस्या चुनौति हो । जस्तै: गाउँमा छेवार, घेवा वा अन्य कुनै साँस्कृतिक तथा धार्मिक गतिविधि गाउँमा हुँदा बालबालिकाहरु विद्यालयमा अनुपस्थित हुन्छन् । यहाँको समुदायबाट विद्यालयमा आउने विद्यार्थी संख्या धेरै न्युन छ भने बाहिरी पालिकाबाट पढ्न आउने विद्यार्थीको संख्या बढिरहेको छ । शिक्षक संख्या कम भएकाले यस विद्यालयमा सिकाइ उपलब्धि सोचेअनुरुप कम छ । धेरै जसो बाहिरी पालिकाबाट पढ्न आउने भएकाले यस ठाउँको विद्यार्थी संख्या कम रहेको छ ।

**१३.१ विद्यालयको समस्याः**

| भौतिक पूर्वधारको कमी | स्रोत साधनको अभाव | अनुभवी शिक्षकको कमी | अपेक्षा अनुसार सिकाइ उपलब्धी |
|---|---|---|---|
| १) भान्छा कोठा समस्या,<br>२) खेल मैदान व्यवस्थापन गर्नुपर्ने<br>३) घेराबार<br>४) पहिरो व्यवस्थापन<br>५) कक्षाकोठा रङरोगन र मर्मत संभार | छ<br>पर्याप्त मात्रामा शैक्षिक सामग्री नहुनु<br>ICI अभाव<br>पुस्ताकलय अभाव | छ | छ |

**विद्यार्थीको सिकाइ उपलब्धी विवरणः २०८०**

शैक्षिक वर्ष २०८० मा कुल १२२ जना विद्यार्थी रहेका छन् । यस विद्यालयमा १११ विद्यार्थी जनजाती, दलित ९ जना र अन्य २ जना रहेका छन् भने क्षेत्री समुदायकी रहेकी छन् । गत शैक्षिक वर्ष २०७९ मा १०७ जना र २०७८ मा ११९ जना विद्यार्थी थिए ।

**विद्यार्थीको सिकाइ उपलब्धी विवरणः २०८०**

**तालिका ३: विद्यार्थीको औसत सिकाइ उपलब्धी विवरण**


| कक्षा | विद्यार्थी संख्या | | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी | | | | | | | कक्षगत औषत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अंग्रेजी कम्प्युटर | गणित | सामाजिक | थप अंग्रेजी | कम्प्यूटर | विज्ञान | |
| | **जम्मा** | | | | | | | | | |
| | **छात्रा** | **छात्र** | | | | | | | | |
| प्रारम्भिक बालविकास | १० | ५ | ७९ | ८३ | ७८ | ८० | | | ८१ | ८०.२० |
| कक्षा १ | ८ | १५ | ६७ | ८० | ६० | ६८ | | ६२ | ८१ | ६९.६७ |
| कक्षा २ | ३ | ७ | ५६ | ५८ | ६७ | ४६ | | ४५ | ७२ | ५७.३३ |
| कक्षा ३ | ६ | ७ | ५८ | ७२ | ७४ | ७२ | | ५६ | ६८ | ६६.६७ |
| कक्षा ४ | ५ | ९ | ६० | ६४ | ५४ | ६१ | | ८२ | ६५ | ६४.३३ |
| कक्षा ५ | **६** | **९** | **७९** | **५५** | **५०** | **५९** | | **८५** | **७४** | **६७** |
| कक्षा ६ | **६** | **७** | **४२** | **४६** | **३७** | **३८** | | **६८** | **३९** | **४५** |
| कक्षा ७ | **४** | **५** | **६४** | **७२** | **५०** | **६३** | | **६९** | **७३** | **६५.१६** |
| कक्षा ९ | **३** | **७** | **५२** | **४३** | **४९** | **४६** | | **७३** | **४९** | **४६** |

नोटः कक्षा ८ र १० को समावेश गरीएको छैन ।

## विद्यार्थीको सिकाइ उपलब्धी विवरणः २०८०

| कक्षा | विद्यार्थी संख्या | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी | | | | | | कक्षागत औसत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | मेरो सेरोफेरो /सामाजिक | विज्ञान | OPT./स्वास्थय तथा शारीरीक | |
| इ.सि.डी. | | | | | | | | |
| कक्षा १ | | | | | | | | |
| कक्षा २ | | | | | | | | |
| कक्षा ३ | | | | | | | | |
| कक्षा ४ | | | | | | | | |
| कक्षा ५ | | | | | | | | |

# हेलम्बुको नक्सा र नुर्बलिङ मनिचौर माध्यमिक विद्यालय




**Legend**

**Schools**

1 Urleni BS
2 **Bhanjyang BS**
3 Srijana BS
4 Siddhartha BS
5 **Sarbodaya SS**
6 **Padmeshwori BS**
7 Gyanodaya BS
8 Mahakali Nindeshwori BS
9 Saraswoti SS
10 East Point SS
11 Mahendra BS
12 Harisidhi BS
13 Pating BS
14 Mahakaleshwori BS
15 Dhapsung BS
16 Helambu Boddhisattva Model SS
17 Ichok SS
18 Mahendra SS
19 Manikantheshwori BS
20 Sathdhara BS
21 Risankhumane BS
22 Jayabageshwori SS
23 Ishing BS
24 Palchowk SS
25 Yangrima SS
26 Setidevi BS
27 Chitre BS
28 Bhumeshwori SS
29 Golmadevi SS
30 Sarkathali BS
31 Pemachholing SS
32 Gorakhnath BS
33 Melamchighyang SS
34 Bolde BS
35 Nurbuling SS

Email: nurbulingschool@gmail.com

Lat: N27$^{0}$56'48''    Long: 85$^{0}$33'59''    Altd: 1969.88m